तिलोत्तमा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश, नेपाल

का.बै.सं.२०/०७५/०७६(५६) मितिः २०७५/११/०५ गते ।

प्रस्तावहरु:

१. "सार्वजनिक निजी साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५" सम्वन्धमा ।

२. तिलोत्तमा नगरपालिकाको "न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन,२०७५" प्रथम संशोधन सम्वन्धमा ।

३. "न्यायिक समितिको प्रतिवेदन, २०७५" सम्वन्धमा ।

४. नगरपालिकाद्धारा हालसम्म सम्पादन भएका क्रियाकलापहरुको समीक्षा सम्वन्धमा ।

५. नगर सभामा प्रस्तुत गरिने प्रस्तावहरु सम्वन्धमा ।

६. राजस्व संकलन कार्य योजना सम्वन्धमा ।

७. वजेट तथा योजना संशोधन सम्वन्धमा ।

८. शिक्षा समितिको निर्णय अनुमोदन सम्वन्धमा ।

९. जग्गा पुनः नापी सम्वन्धमा ।

१०. जग्गा व्यवस्थापन सम्वन्धमा ।

११. स्वास्थ्यतर्फका कर्मचारीको करार म्याद थप र न्यूनतम पारिश्रमिक सम्वन्धमा ।

१२. लुम्विनी बौद्ध विश्वविद्यालयसँग संझौताको ढाँचा स्वीकृत सम्वन्धमा ।

१३. विविध ।

क) वडा नं.-१२ लाई मकै खेती पकेट क्षेत्र तोक्ने र "मकै उत्पादन कार्यक्रम" लागू गर्ने सम्वन्धम ।

ख) नक्सा पास शिविर संचालनमा खटिएका कर्मचारीहरुलाई अतिरिक्त भत्ता उपलब्ध गराउने सम्वन्धमा ।

ग) न्यायिक समितिमा परेको विवाद निरुपण सम्वन्धमा ।

निर्णयहरु :

१. **सार्वजनिक निजी साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्बन्धमा ।**

सार्वजनिक निजी साझेदारीको माध्यमबाट स्थानीय तहमा बहुपक्षीय विकास गर्नको लागि नीतिगत व्यवस्था गर्ने प्रयोजनार्थ विधायन समितिबाट प्रस्तुत भएको **"सार्वजनिक निजी साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** स्वीकृत गरी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

२. तिलोत्तमा नगरपालिकाको न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन,२०७५ संशोधन सम्बन्धमा ।

नगर उप-प्रमुख श्री जगेश्वरीदेवी चौधरीबाट प्रस्तुत भएको **"तिलोत्तमा नगरपालिकाको न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५"** को पहिलो संशोधन प्रस्ताव स्वीकृत गरी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

२०७५-११-०५

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
५ नं. प्रदेश, नेपाल

संशोधन प्रस्तावको व्यहोरा :

| दफा | साविकको व्यवस्था | नयाँ संशोधित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| ५९. को उपदफा (१) को खण्ड (क) | कम्तीमा स्नातक तह उत्तिर्ण गरेको | प्रचलित कानून अनुसारको योग्यता पुगेको । | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ को उपदफा (२) को खण्ड (क) देखि (ट) सम्मका मुद्दाहरू निरुपण गर्दा तिलोत्तमा नगरपालिकाको न्यायिक समिति (कार्यविधि) ऐन, २०७५ को दफा ५९. को देहाय खण्डमा मेलमिलाप कर्ताको सूची तयार गरी योग्यता पुगेका सूचीकृत मेलमिलाप कर्ताबाट विवादको निरुपण गर्ने व्यवस्था भएकोले । |

३. **"न्यायिक समितिको प्रतिवेदन, २०७५" सम्बन्धमा ।**

यस नगरपालिकाको न्यायिक समितिवाट हालसम्म सम्पादन भएका कार्यहरुको वारेमा विश्लेषणात्मक समीक्षा सहित तयार भई नगर उप-प्रमुख जगेश्वरदेवी चौधरीवाट प्रस्तुत **"न्यायिक समितिको प्रतिवेदन, २०७५"** उपर छलफल गरी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

४. **नगरपालिकाद्धारा हालसम्म सम्पादन भएका क्रियाकलापहरुको समिक्षा सम्बन्धमा ।**

यस नगरपालिकाको कार्यालय, विषयगत शाखा कार्यालय र अन्तर्गतका वडा कार्यालयहरुवाट हाल सम्म सम्पादन भएका कार्यहरुको समीक्षा गरी सार्वजनिक सेवा प्रवाह र विकास निर्माणका कार्यहरुलाई आगामी दिनहरुमा अझ वढी प्रभावकारी वनाउनको लागि सक्रियताका साथ अगाडि वढ्न सम्वन्धित सवै पक्षलाई प्रेरित गर्ने निर्णय गरियो ।

५. **नगर सभामा प्रस्तुत गरिने प्रस्तावहरु सम्बन्धमा ।**

तिलोत्तमा नगरपालिकाको चौथो नगरसभाको मिति २०७५/११/०६ गते आव्हान गरिएको दोस्रो वैठकमा निम्न प्रस्तावहरु पेश गर्ने निर्णय गरियो ।

१. सार्वजनिक निजी साझेदारी सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक सम्वन्धमा ।
२. तिलोत्तमा नगरपालिकाको **"न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५"** संशोधन सम्वन्धमा ।
३. **"न्यायिक समितिको प्रतिवेदन, २०७५"** सम्वन्धमा ।
४. कार्यपालिकाद्धारा गरिएका निर्णयहरु सम्वन्धमा ।
५. नगरपालिकाद्धारा हालसम्म सम्पादन भएका क्रियाकलापहरुको समिक्षा सम्वन्धमा ।
६. योजना तथा वजेट सम्वन्धमा ।
७. विविध ।

६. **राजस्व संकलन कार्य योजना सम्बन्धमा ।**

- **"कर सहभागिता अभियान २०७५"** प्रभावकारी रुपमा संचालन गर्नको लागि कम्तिमा १२ कक्षा उर्त्तिण गरेको व्यक्तिलाई कर संकलकको रुपमा खाजा तथा खाना खर्च वापत दैनिक रु. ५०० (पाँच सय) उपलव्ध गराउने गरी सम्वन्धित वडा कार्यालयले वडा समितिको निर्णय वमोजिम खटाउने ।
- वडा कार्यालयले खटाएको मिति देखि उक्त सुविधा लागू हुने ।

०७५-११-०५

- कर संकलनको कार्यसम्पादनको विवरण, वडा कार्यालय मार्फत नगरपालिकाको आर्थिक प्रशासन शाखामा पेश गरेपछि नियमानुसार खाना तथा खाजा खर्च भुक्तान गरिने ।
- वडा कार्यालयद्धारा सिफारिस गरिएका कर संकलकहरुलाई नगरपालिकाले स्थानीय कर प्रशासन सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन गर्ने ।
- सबै वडामा क्रमसः कर सप्ताह कार्यक्रम संचालन गर्ने ।
- अन्य व्यवस्था नगरपालिकाले तोके बमोजिम हुने ।

७. बजेट तथा योजना संशोधन सम्बन्धमा ।

- चालु आ.व. को हालसम्म संशोधन गरिएका योजना, बजेट र वार्षिक कार्यक्रम लगायतका विषयहरुलाई मिति २०७५/११/०६ गतेको नगर सभामा अनुमोदनका लागि पेश गर्ने ।
- चालु आ.व.को योजनाहरु मिति २०७५ फाल्गुण मसान्त भित्र सम्झौता गरीसक्नु पर्ने र सोको लागि तोकिएको समयमा योजना शाखाले तत्परताका साथ कार्य अगाडि बढाउने ।
- योजना शाखाले योजनाहरुको वडागत कार्यान्वयनको स्थिति तयार पार्ने ।
- यस तिलोत्तमा नगरपालिकाको क्षेत्रमा पर्ने तिनाउ नदीको मगरघाट, डिङ्गरनगर, १० नं., बाग्धुरा लगायत नगरपालिकाको क्षेत्राधिकारका नदिजन्य पदार्थको उत्खनन गर्नको लागि प्रचलित कानून बमोजिम **प्रारम्भिक वातावरणीय परीक्षण** गराउने कार्यका लागि नगर विकास योजनाको शी.नं. ३०१० सडक स्तरोन्नती तथा मर्मतको क्र.स. २ निकासी सडक मर्मत तथा सम्भार शीर्षकमा विनियोजित बजेट मध्ये रु. १० लाख खर्च गर्ने निर्णय गरियो ।
- यस नगरपालिकाको आ.व. २०७५/०७६ को स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत शी.नं. २०१० (२०) ज्ञानकुञ्ज पुस्तकालय भवन वडा नं. १५ मा विनियोजित रकमलाई पुस्तकालय आवश्यकता अनुसार सोही समितिबाट निर्णय दिई प्रस्तावना पेश भए बमोजिम खर्च गर्नको लागि कार्यादेश दिने निर्णय गरियो ।
- आ.व. ०७५/०७६ को स्वीकृत कार्यक्रम अनुसार कुनै समूह, संघ, संस्था तथा कार्यालयको नाममा बजेट विनियोजन भएकोमा तत् तत् निकायबाट आफ्नो कार्यालयको आवश्यकता अनुसारले निर्णय भई प्रस्ताव पेश गरेमा सोही बमोजिम खर्च गर्न कार्यादेश दिने निर्णय गरियो ।
- ति.न.पा.-१, शी.नं. ३०१०(७) वडास्तर सडक मर्मत अन्तर्गत डाँफेपथ रु. २ लाख विनियोजन भएकोमा उक्त रकम शीर्षक रकमान्तर गरी शान्ति मार्ग सडक कालोपत्रे योजनमा लैजाने निर्णय गरियो ।
- तिलोत्तमा नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत शी.नं. ३०१० (ह्युम पाइप, १४) को ह्यूमपाइप खरिद तथा व्यवस्थापन वडा नं. ८ को लागि छुट्टाइएको ५ लाख रुपैया मध्ये रु. २ लाख रकमान्तर गरी शी.नं. ३०४० (१८) अन्तर्गत सोही वडाको विद्युत पोल खरिद तथा व्यवस्थापनमा थप गरेर खर्च गर्ने निर्णय गरियो ।
- चालु आ.व. को कक्षा आठको परीक्षा SEE Model मा संचालन गर्नको लागि देहाय बमोजिम बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

  ब.शी.नं.-२०१०(६) बाट रु. ७ लाख, ब.शी.नं.-३०५० (२) रेडियो तथा टि.भी. कार्यक्रमबाट रु. ५ लाख, ब.शी.नं.-३०३० (३२) सार्वजनिक जग्गा संरक्षणबाट रु. ७ लाख १८ हजार ५

तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मणिग्राम, रुपन्देही ५ नं. प्रदेश, नेपाल

सय गरी जम्मा रु. १९ लाख १८ हजार ५ सय व.शी.नं.-२०१० (९) नगरस्तरीय परीक्षा संचालन, व्यवस्थापन तथा नतिजा प्रकाशनमा रकमान्तर गरी तोकिए वमोजिमको मापदण्ड अनुसार परीक्षा संचालन गर्न शिक्षा शाखालाई निर्देश गर्ने दिने निर्णय गरियो ।

८. **शिक्षा समितिको निर्णय माथि छलफल सम्बन्धमा ।**

मिति २०७५/१०/२५ गते वसेको तिलोत्तमा नगर शिक्षा समितिको निर्णयमाथि छलफल गरी अनुमोदन गरियो ।

निर्णयको व्यहोरा :

- तिलोत्तमा नगरपालिका शिक्षा नियमावली (प्रथम संशोधन) २०७४ को नियम २६ को उपनियम (१) को घ मा व्यवस्था भए अनुसार निम्न सामुदायिक विद्यालयहरुको विद्यालय व्यवस्थापन समितिको सदस्य पदमा तपशिल वमोजिम मनोनित गर्ने निर्णय गरियो ।

| क.स. | विद्यालयको नाम | मनोनित सदस्यको नाम | ठेगाना |
|---|---|---|---|
| १ | श्री सरस्वती प्राथमिक विद्यालय | रुद्रहरी गौतम | तिलोत्तमा-१२ |
| २ | श्री कोटहीमाई मिशुजु प्रा.वि. | खिमलाल कोइराला | तिलोत्तमा-१६ |
| ३ | श्री जनजागृति प्रा.वि. | धन वहादुर चौधरी | तिलोत्तमा-१३ |
| ४ | श्री नमूना महिला विद्यालय | भिम वहादुर राना | तिलोत्तमा-१४ |
| ५ | श्री जनता माध्यमिक विद्यालय | असम वहादुर विश्वकर्मा | तिलोत्तमा-१२ |
| ६ | श्री शंकरनगर दुर्गादत्त मा.वि. | रेश्मिराज पाण्डे | तिलोत्तमा-०२ |

- शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शैक्षिक प्रविधि शाखा, सानोठिमी, भक्तपुरको च.न. ९० मिति २०७५।१०।०१ को सूचना अनुसार कक्षा ९ देखि प्राविधिक तथा व्यावसायिक धारतर्फको शिक्षालाई विस्तार गर्ने नेपाल सरकारको नीतिवमोजिम निवेदन पेश हुन आएका तपशिलका विद्यालयहरुलाई प्राविधिक धार सञ्चालनका लागि अनुमति प्रदान गरी शिक्षा विकास तथा समन्वय इकाई भैरहवामा सिफारिस गर्ने निर्णय गरियो ।

| क.स. | विद्यालयको नाम | ठेगाना | सञ्चालन गर्ने विषय |
|---|---|---|---|
| १ | श्री शिवपुर माध्यमिक विद्यालय | तिलोत्तमा-११ | वाली विज्ञान |
| २ | श्री जनजागृति प्रा.वि. | तिलोत्तमा-०२ | सिभिल इन्जिनियर |
| ३ | श्री पशुपति माध्यमिक विद्यालय | तिलोत्तमा-१५ | इलेक्ट्रिकल इन्जिनियर |
| ४ | श्री शान्ति नमूना माध्यमिक विद्यालय | तिलोत्तमा-०५ | सिभिल इन्जिनियर |

- श्री गीर्वाण सरस्वती संस्कृत तथा साधारण माध्यमिक विद्यालय तिलोत्तमा ५, मणिग्राममा प्राथमिक तह तृतीय श्रेणी स्थायी शिक्षक पदमा कार्यरत श्री रजिता रेग्मीलाई विद्यालय व्यवस्थापन समितिको मिति २०७५।०९।२० को निर्णय तथा विद्यालयको च.न. ३२ मिति २०७५।०९।२२ को पत्रानुसार निज शिक्षक दृष्टिविहिन भएको र आफ्नो वसोवास भएको वुटवल गोलपार्कवाट दैनिक अध्यापन कार्य गर्न कठिनाई भएको हुदा दरवन्दी सहित सरुवा भई जानको लागि विद्यालय व्यवस्थापन समितको सर्वसम्मत निर्णय सहित सिफारिस भई आएको र कान्ति नमूना मा.वि. वुटवल तथा वुटवल उप महानगरपालिकावाट दरवन्दी थप गरी आउन सहमति प्रदान भएकोले शिक्षकको अवस्थालाई मध्यनजर गरी दरवन्दी सहित सरुवा भई जान सहमति प्रदान गर्ने निर्णय गरियो ।



०७५-११-०५

- चालु आ.व. शिक्षा सम्बन्धी शशर्त तथा निशर्त कार्यक्रमलाई सामुदायिक विद्यालयमा देहाय बमोजिम हुने गरी बाँडफाँड गरियो ।
- यातायात व्यवस्थापन खर्चः

| सि.न. | विद्यालयको नाम | रकम रु. |
|---|---|---|
| १ | कोटीयामाइ मिशुजु प्राथमिक विद्यालय, तिलोत्तमा-१६ | ३०००००/ |
| २ | सिद्धार्थ प्राथमिक विद्यालय, तिलोत्तमा -१ | १०००००/ |
| ३ | विश्व शान्ति सामुदायिक मा.वि., तिलोत्तमा-९ | ३०००००/ |
| ४ | शंकरनगर दुर्गादत्त मा.वि., तिलोत्तमा-२ | ४०००००/ |
| ५ | सेमरी प्रा.वि., तिलोत्तमा-१३ | १०००००/ |
| ६ | नवज्योती शंकरमान श्रेष्ठ मा.वि., तिलोत्तमा-११ | १०००००/ |
| ७ | पश्चिम पहुनी मा.वि., तिलोत्तमा-६ | १०००००/ |
| ८ | गौतम बुद्ध आदर्श शिशु सदन, तिलोत्तमा -९ | १०००००/ |
| ९ | सेमरा बजार मा.वि., तिलोत्तमा-७ | १०००००/ |
| १० | गणेश आधारभूत विद्यालय, तिलोत्तमा-११ | २०००००/ |
| ११ | जनगागृति मा.वि., तिलोत्तमा-२ | २०००००/ |
| जम्मा | | २००००००/ |

- माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान :

| सि.न. | विद्यालयको नाम | रकम रु. |
|---|---|---|
| १ | गिर्वाण सरस्वती संस्कृत तथा साधारण मा.वि., तिलोत्तमा-५ | ६५०००० |
| २ | जनता माध्यमिक विद्यालय, तिलोत्तमा-१३ | ६५०००० |
| ३ | शिवपुर माध्यमिक विद्यालय, ति.न.पा-११ | ६५०००० |
| जम्मा | | १९५०००० |

- शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगका लागि अनुदान :

| सि.न. | विद्यालयको नाम | रकम रु. |
|---|---|---|
| १ | दुर्गा मा.वि., तिलोत्तमा-१४ | ६५०००० |
| २ | भुल्के मा.वि., तिलोत्तमा-११ | ६५०००० |
| ३ | जनता मा.वि., तिलोत्तमा-१२ | ६५०००० |
| जम्मा | | १९५०००० |

- माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन :

| सि.न. | विद्यालयको नाम | रकम रु. |
|---|---|---|
| १ | टिकुलीगढ मा.वि., तिलोत्तमा-१४ | ६५०००० |
| २ | समरावजार मा.वि., तिलोत्तमा-७ | ६५०००० |
| ३ | दुर्गा वैदिक संस्कृत विद्यापिट, तिलोत्तमा-१ | ६५०००० |
| ४ | पश्चिम पहुनी मा.वि., तिलोत्तमा-६ | ६५०००० |
| जम्मा | | २६००००० |

- पानी तथा स्वास्थ्य र सरसफाई सुविधा सहितको शौचालय निर्माण :

| सि.न. | विद्यालयको नाम | रकम रु. |
|---|---|---|
| १ | पशुपति मा.वि., तिलोत्तमा-१५ | ७००००० |
| २ | सेमरी प्रा.वि., तिलोत्तमा-१३ | ७००००० |
| जम्मा | | १४००००० |

- नयाँ कक्षाकोठा निर्माण कार्यक्रम : ४ कोठा

| सि.न. | विद्यालयको नाम. | रकम रु. |
|---|---|---|
| १ | वरवलिया मा.वि., तिलोत्तमा-१७ | १६००००० |
| २ | जनज्योती मा.वि., तिलोत्तमा-४ | १६००००० |
| जम्मा | | ३२००००० |

९. जग्गा पुनः नापी सम्बन्धमा ।

- तिलोत्तमा नगरपालिका भित्रको सार्वजनिक तथा निजी जग्गाको नक्साङ्कनमा रहेका प्राविधिक समस्याहरुले तिलोत्तमा नगरपालिकाको चार किल्ला सिफारिस, सार्वजनिक जग्गाको तथ्याङ्क एकिन र जग्गा प्रशासन एवं नक्सा पास प्रशासनमा कठिनाई भइरहेको, कतिपय अवस्थामा घर धनी रहेको, जग्गा धनी प्रमाणपत्र र फिल्डमा रहेको जग्गा एक आपसमा तालमेल नहुँदा सेवाग्राहीले झन्झट वेहोर्नु परेको लगायतका चुनौतीहरुलाई व्यवस्थापन गर्नको लागि ति.न.पा. भित्रको जग्गाको पुनः नापीका लागि देहाय बमोजिम गर्ने निर्णय गरियो ।

१. तिलोतमा नगरपालिकाका तर्फबाट गर्नुपर्ने कार्यहरु :

- नापी कार्यका लागि जग्गा नापजाँच ऐन २०१९ र नियमावली २०५८ बमोजिम खटिने कर्मचारीहरुका खाइपाई आएको तलवको ५० प्रतिशत अतिरिक्त भत्ता उपलव्ध गराउने ।
- अतिरिक्त समयमा फिल्डमा खटिने कर्मचारीहरुलाई सवारी इन्धन वापत प्रति मोटरसाइकल मासिक रुपमा अधिकतम १० लि. उपलव्ध गराउने ।
- पुन नापीको लागि भाडामा लिएको भवनमा कार्यालय संचालनको लागि आवश्यक फर्निचरको व्यवस्था मिलाउने ।
- नगरपालिकाको विद्यमान स्रोतको आंकलन गरी मोटरसाईकल अधिकतम ३ थान, यन्त्र उपकरण मर्मत, सोलार वा इन्भटर, ए.सी. ४ थान, सर्भर, कम्प्यूटर ल्यापटप लगायतका सामग्रीहरु नगरपालिकावाट उपलव्ध हुने ।
- नापी कार्यालयसँग भएका यन्त्र उपकरण पर्याप्त नभई भाडामा लिनुपरेमा सो को व्ययभार नगरपालिकाले व्यहोर्ने ।
- व्यक्ति व्यक्तिवीचका कित्ता सिमानाहरुलाई निर्धारण गरी उक्त स्थानहरुमा पिलर वा पर्खाल लगाउने कार्यमा सहजीकरण तथा व्यवस्थापन गर्ने ।
- फिल्डवाट लिइएको डाटाको नक्शांकनका लागि लाग्ने लागत नगरपालिकाले व्यहोर्ने ।
- नापनक्शा कार्यका लागि आवश्यक नापी कामदार व्यवस्था गर्ने ।
- फिल्डमा नापनक्शाका क्रममा विवाद उत्पन्न भएमा सो को सहजिकरण गर्ने ।

२. नापी कार्यालय रुपन्देहीका तर्फबाट गर्नुपर्ने कार्यहरु :

- जग्गा नापजांच ऐन २०१९ र नियमावली २०५८ बमोजिम जग्गा नाप जाँचको लागि प्रमुख नापी अधिकृत १, नापी अधिकृत ३, सर्भेक्षक ६, अमिन ६, चेनमेन १५ लगायत आवश्यकताको आधारमा नगरपालिकाको समन्वयमा कर्मचारी खटाउने ।
- सरकारी, सार्वजनिक, ऐलानी, पर्ती, गुठी, कूलो, ढल, बाटोका जग्गा दर्ता सम्वन्धमा जग्गा नापजांच ऐन २०१९ र नियमावली २०५८ बमोजिम हुने ।
- साविकमा सरकारी वा सार्वजनिक जग्गा जनिई नाप जाँच भएको कुनै जग्गा कसैले आवाद, कमोद वा घरवास गरी अतिक्रमण गरी भोग गरेको भए पनि नाप जाँच गर्दा त्यस्तो जग्गा सरकारी वा सार्वजनिक जग्गाको रुपमा प्रचलित कानूनको अधिनमा रही दर्ता गर्ने ।
- नियमानुसार सुचना प्रकाशन गरि जग्गा दर्ता गर्ने र सो को प्रमाणपुर्जा तयार गरि वितरण गरेपछि लागु गर्ने ।
- कार्यालयसँग भएका यन्त्र उपकरण उपलव्ध गराउने ।
- कार्ययोजना तयार गर्ने र सो को आवश्यक्तानुसार नियमित चेकजाँच र अनुगममन गर्ने ।
- अतिरिक्त भत्ता माग गर्दा अतिरिक्त समयमा कार्यसम्पादन गरिएको विवरण कार्यालय प्रमुखले प्रमाणित गरी नगरपालिकामा पेश गर्ने ।
- फिल्डमा खटिने कर्मचारीले दोहोरो सुविधा दावी नगर्ने ।
- नापी कार्यालयमा स्रोत अभाव भएको अवस्थामा मात्र नगरपालिकामा माग गर्नुपर्ने ।
- कार्यक्रम संचालन गर्दा अधिकतम रुपमा मितव्ययी ढंगबाट कार्यसम्पादन गर्नुपर्ने ।
- माथि उल्लिखित विषय र अन्य समसामयिक विषयमा थप निर्णय गर्नु पर्ने भएमा नगरपालिकाको निर्णय बमोजिम थपघट गर्न सकिने ।

१०. जग्गा व्यवस्थापन (वडा नं.-७) सम्बन्धमा ।

- ति.न.पा. २ बस्ने हरि प्रसाद न्यौपाने र थर्क वहादुर खत्रीको मिति २०७५/१०/२४ मा वडा नं.-७ को कार्यालयमा दिएको निवेदनको सम्वन्धमा निजहरुको नाममा दर्ता कायम जिल्ला रुपन्देही साविक करहिया ५ हाल ति.न.पा.-७ अन्तर्गतको कि.न.६१६ ज.वि.०-२-०-० मध्ये ०-०-५-० क्षेत्रफल जग्गा नगरपालिकाका अमिनद्धारा नापी गर्दा ति.न.पा.-७ को कार्यालय भएको ठाँउमा देखिन आएको हुँदा उल्लिखित जग्गाको सट्टा हालको वडा कार्यालयको दक्षिण तर्फवाट करिव ०-०-७.५ (साढे सात धुर) सार्वजनिक जग्गा वाटो प्रयोजनको लागि निज हरि प्रसाद न्यौपाने र थर्क वहादुर खत्रीलाइ उपभोग गर्नको लागि सिफारिस गर्ने ।
- तिलोत्तमा नगरपालिका वडा नं.-७ को वडा कार्यालय अगाडि साविकको करहिया गा.वि.स. कार्यालय स्थापना हुन अगाडि देखि नै गुना कुमारी थापा वसोवास गर्दै आएको र हाल वडा कार्यालय व्यवस्थापनार्थ वडा कार्यालय देखि उत्तर पश्चिम तर्फको अत्यन्तै जिर्ण र काम नचल्ने अवस्थामा रहेको पशु उप स्वास्थ्य केन्द्र भत्काई सो स्थानमा गुना कुमारी थापालाई स्थानान्तरण गरी वडा कार्यालय अगाडिको सार्वजनिक जग्गा वडा कार्यालयले प्रयोगमा ल्याउने निर्णय गरियो ।

- नेपाल सरकार गृह मन्त्रालयद्धारा संचालन गरिने लागू औषध सेवनकर्ताहरुलाई खुल्ला नियन्त्रणमा राखी लागू औषध विरुद्ध मनोपरामर्श र पुनरुथापना केन्द्रको भौतिक संरचना निर्माणको लागि इलाका प्रहरी कार्यालय वुटवलको च.नं. २९७४ मिति २०७५/११/०५ पत्र वमोजिम माग भए अनुसार उपयुक्त स्थानको छनोट गरी वडाको सिफारिसको आधारमा जग्गा उपलव्ध गराउन निर्णय गरियो ।
- नेपाल सरकारद्धारा करहिया स्वास्थ्य चौकी वडा नं. लाई १८४५.५२ वर्ग मिटर क्षेत्रफलको जग्गाको जग्गा धनी प्रमाणपत्र उपलव्ध भएकोमा संघीय सरकार र उक्त कार्यमा सहयोग पुर्याउने सवैं संघसंस्था एवं महानुभावहरुलाई समेत धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

११. **स्वास्थ्यतर्फका कर्मचारीको करार म्याद थप र न्यूनतम पारिश्रमिक सम्बन्धमा ।**

- स्वास्थ्य तर्फका देहायका कर्मचारीहरुको करार म्याद २०७६ साल आषाढ मसान्त सम्म थप गरी साविकको सेवा सर्त वमोजिम तलव भत्ता उपलव्ध गराउने निर्णय गरियो ।

| सि.नं. | नाम | पद | कार्यालय |
|---|---|---|---|
| १ | विमला रोका | हे.अ. | शहरी स्वास्थ्य केन्द्र सिमानगर |
| २ | विदुर ज्ञवाली | हे.अ. | शहरी स्वास्थ्य केन्द्र मन्द्राहानी |
| ३ | शिशिर पाण्डे | हे.अ. | शहरी स्वास्थ्य केन्द्र भलवारी |
| ४ | यमकला डुम्रे | अ.मी.न. | आनन्द शहरी स्वास्थ्य केन्द्र भलवारी |
| ५ | तुलसा अधिकारी | अ.मी.न. | आनन्दवन स्वास्थ्य चौकी |
| ६ | रमा पाण्डे | अ.मी.न. | सेमरा वजार स्वास्थ्य चौकी |
| ७ | निशा पुन | अ.मी.न. | सेमरा वजार स्वास्थ्य चौकी |
| ८ | सरला पाण्डे | अ.मी.न. | शहरी स्वास्थ्य केन्द्र सिमानगर |
| ९ | मोनिका वस्याल | अ.मी.न. | शहरी स्वास्थ्य केन्द्र मन्द्राहानी |
| १० | निर्मला पोखरेल | अ.मी.न. | शहरी स्वास्थ्य केन्द्र भलवारी |
| ११ | लाल वहादुर चौधरी | का.स. | गंगोलिया स्वास्थ्य चौकी |
| १२ | यशोदा पौडेल | का.स. | टिकुलीगढ स्वास्थ्य चौकी |
| १३ | पुप्पा थापा | का.स. | मधवलिया स्वास्थ्य चौकी |
| १४ | सुनिता भट्टराई | का.स. | शहरी स्वास्थ्य केन्द्र सिमानगर |
| १५ | विमला पुरी | का.स. | शहरी स्वास्थ्य केन्द्र मन्द्राहानी |
| १६ | गिता न्यौपाने तिवारी | का.स. | शहरी स्वास्थ्य केन्द्र भलवारी |
| १७ | शान्ती चौधरी रौतार | स्विपर | आनन्दवन स्वास्थ्य चौकी |
| १८ | चन्द्र कुमारी जर्घा मगर | स्विपर | सेमरा वजार स्वास्थ्य चौकी |

साथै, देहायका कर्मचारीहरुको नेपाल सरकारले तोके वमोजिम न्यूनतम पारिश्रमिक उपलव्ध गराउने निर्णय गरियो ।

| सि.नं. | नाम | पद | कार्यालय |
|---|---|---|---|
| १ | मोनिका वस्याल | अ.न.मी.. | शहरी स्वास्थ्य केन्द्र मन्द्राहानी |

| | | | |
|---|---|---|---|
| २ | निर्मला पोखरेल | अ.न.मी. | भलवारी शहरी स्वास्थ्य केन्द्र |
| ३ | विदुर ज्ञवाली | हे.अ. | मद्राहानी शहरी स्वास्थ्य केन्द्र |
| ४ | शिशिर पाण्डेय | हे.अ. | भलवारी शहरी स्वास्थ्य केन्द्र |
| ५ | विमला पुरी | का.स. | मन्द्राहानी स्वास्थ्य चौकी |
| ६ | गीता न्यौपाने तिवारी | का.स. | भलवारी शहरी स्वास्थ्य केन्द्र |
| ७ | शान्ति चौधरी (रौतार) | स्वीपर | आनन्दवन वार्थिङ हे.पो.सेन्टर |
| ८ | चन्द्र कुमारी जर्घा (मगर) | स्वीपर | सेमरा वजार वार्थिङ सेन्टर |

- स्वास्थ्य विमा कार्यक्रम रुपन्देही जिल्लामा चालु आ.व. मा हाल सम्म लागू नगरिएकोले सि. नं. २०२० उपशीर्षक १ मा विनियोजित रकम रु १०००००० (अक्षरुपी दस लाख) मध्येबाट स्वास्थ्यमा कार्यरत करार कर्मचारीको नपुग तलव भत्ता, मासिक समीक्षा कार्यक्रम, कार्यालय संचालनका आधारभूत उपकरण र कार्यालय व्यवस्थापन लगायतका विषयमा खर्च गर्ने गरी रकमान्तर गरियो ।

१२. लुम्बिनी बौद्ध विश्वविद्यालयसँग संझौताको ढाँचा स्वीकृत सम्बन्धमा ।

- तिलोत्तमा नगरपालिका नगरकार्यपालिकाको मिति २०७५/०३/२८ को वैठकवाट लुम्विनी बौद्ध विश्वविद्यालय भौतिक संरचना निर्माणका लागि वडा नं.-७ मा रहेको करिव २ विगाहा जग्गा उपलब्ध गराउने निर्णय भएकोमा उक्त जग्गा प्राप्ति (लिजमा उपलव्ध) र अन्य पारस्परिक सम्वन्ध कायम राख्नको लागि ति.न.पा. कार्यालय र उक्त विश्ववद्यालयसँग गर्ने सम्झौताको ढाँचा स्वीकृत गरी सोही अनुसार सम्झौता गर्ने निर्णय गरियो ।

## सम्झौताको ढाँचा :

Lumbini Buddhist University was conceived at the First World Buddhist Summit held in Lumbini in 1998 AD. Its establishment was initiated with the promulgation of LBU Ordinance in 2004 AD preceding the Second World Buddhist Summit. The LBU Act was endorsed by the Parliament in 2006 AD (Bikram Sambat 2063). The university is expected to provide a focus for uniting all for the world peace; expected to function as an international hub for Buddhist Studies generating activism for world peace.

Tilottama Municipality is a town in western Nepal. It was formed on May 8, 2014; when the Government of Nepal announced additional 72 municipalities, including previously-proposed 37 municipalities in line with the Local Self-governance Act, 1999. On July 25, 2014; demarcation of the municipality was done along with the assignment of new wards.[2] The original demarcation included six existing VDCs viz. Shankarnagar VDC, Aanandaban VDC, Karahiya VDC, Makrahar VDC, Tikuligadh VDC & Madhabaliya VDC. Gangoliya VDC was later merged in the municipality on 17 September 2015.

### I. PRINCIPLES

Both Parties claim to be the cooperative partner of each other and devotes to maintain the partnership as a long-lasting relationship with the principles of "Equal, Friendly, Mutually beneficial and Win-win".

The agreement works as a guidance document and a basis for long-term cooperation and a basis for following detailed agreements that are going to sign in the future.

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
५ नं. प्रदेश, नेपाल

## II. SCOPE

By fully utilizing the advantages of each other, both Parties commit to make efforts and contributions for the development of Lumbini Buddhist University on (include but not limited to) promotion of Buddhist art, culture, literature and others.

All parties agree that the cooperation is not exclusive, as The Agreement does not automatically exclude the possibility of forming a cooperative relationship with a forth party for any of the Party, while within the existing and planned business areas, under similar circumstances, the other Parties are seen as the primary cooperative partners.

## III. CONTENTS

All Parties cooperate together for the leasing of the land inside Tilottama Municipality (Annex 1) for the wise use of the University Purpose. The land will be used by the Lumbini Buddhist University independently for a period of 30 years.

The main purpose and goal for land acquistion is to expand the University engagements inside Tilottama Municiplaity and Lumbini Buddhist University will make the concrete plan for the better use of the land and the resources within the periphery.

No any amount will be issued on behalf of the Lumbini Buddhist University for the use of the land and the resources inside the periphery. But the taxes that must be paid to the Federal Government, Provincial Government and the Local Bodies must be paid by the Lumbini Buddhist University, as per the existing laws.

## IV. RIGHTS AND OBLIGATIONS

All Parties have the right to inquire the other for answers of professional questions, and the other Party has the obligation to provide the answers based on its best knowledge, meanwhile, the Party that asks questions is obliged to try its best to understand the value the answer provides, and use it under the legal and social framework, to increase the efficiency of communication and ensure the success of the cooperation.

All Parties have the right to determine the priority of their working on their own when it does not affect the cooperation.

All Parties are obliged to provide necessary support when corresponding activities occurs for the success of projects during cooperation on transportation, communications, promotions, investigations, research and study.

All Parties are obliged to defend and maintain the good image of the cooperative relationship mentioned in their promotional materials shown in any oral or written files.

All Parties confirm, unless agreed otherwise in addition to the Protocol, any of each Party shall not transfer all or part of the rights and obligations to a fourth party without prior clarification in written with the recognition and consent of the other Parties.

## V. CONFIDENTIALITY

Any materials that are exchanged under or in relevant to the cooperation upon the acknowledgement of All Parties are confidential, and shall be kept well by all parties. All Parties shall not leak any information regarding the operations of the business or any information that could affect the well-being of the other party (including but not limited to Intellectual Properties, Copyrights, Trademarks, Service Standards, Promoting and Training Materials etc.) to a third party, media, or to the general public. One reserves the right to pursue the payment of its damage caused by the other(s) on its accountability for lacking of movements to defend confidentiality on the legal basis.

## VI. EFFECTIVENESS AND DURATION

The Agreement takes into effect upon the signatures of the Prties with totally 4 identical copies. Each Party holds 2 copies respectively.

Parties should protect the interests of each other together and should protect common interests of each Party respectively. Additional terms in written can be given based on the proceedings of projects.



०७६-११-०४

The MOU may be amended by both sides by mutual consent through the exchange of written communications/letters by designated competent authorities as per their rules and regulations.
Any amendment effected through the above procedure shall form an integral part of the MOU.
Any difference in interpreting or working on the MOU shall be resolved through mutual consultations.

VII. DISPUTES AND RESOLUTION

The Agreemnt is abided by the laws and regulations of Nepal. Any disputes occurred during the land acqsition perios, both parties shall confront with consultation primarily. Each of the party can litigate a lawsuit at their own costs.

VIII. OTHERS

The MOU shall come into effect from the date of signature by the competent designated authorities of the respective organisations.
The MOU shall remain in force for a period of 30 (thirty) years from the date of its signature.
The MOU would be considered automatically extended for further period of thirty years unless either side decides to withdraw it by one year advance written notice before its expiration.

In witness, thereof the authorized representatives whose names are shown below have signed this MOU in two original copies in English on behalf of their respective institutions/universities at the place and on the date mentioned below.

१३. विविध ।

क) वडा नं.-१२ लाई मकै खेती पकेट क्षेत्र तोकी, मकै उत्पादन कार्यक्रम लागू गर्ने सम्बन्धमा।

मकै खेती पकेट क्षेत्र विकास कार्यक्रम २०७५, (कृषि संकेत नं.(१०१०) बाँडफाँडको व्यहोरा:

| क्र.स. | कार्यक्रम | ईकाइ | बार्षिक लक्ष्य परिमाण | भार | बजेट रु ) (हजारमा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ९० % अनुदानमा मिनी टिलर वितरण | संख्या | २ | | ४०० | |
| २ | ९० % अनुदानमा सिंचाई बोरिङ्ग निर्माण | संख्या | २ | | ३०० | |
| ३ | ९० % अनुदानमा कर्न सेलर वितरण | संख्या | २ | | ५० | |
| ४ | ९० % अनुदानमा सीड ड्रिल वितरण | संख्या | २ | | २५० | |
| ५ | ज्याव प्लाण्टर वितरण | संख्या | ५ | | ५० | |
| ६ | १००% अनुदानमा मकै बीउ वितरण (ढुवानी समेत) | मे.टन | ४ | | ४०० | अन्य क्षेत्र समेतलाई |
| ७ | कृषि चुन, विषादी, अर्गानिक मल खरिद | पटक | १ | | २०० | |
| ८ | प्रविधियुक्त नमूना मकै प्लट स्थापना (तालिम समेत) | पटक | २ | | २०० | |
| ९ | अनुगमन तथा निरीक्षण | जना | १५ | | १५ | |
| | **मकै खेती पकेट क्षेत्र विकास कार्यक्रम कूल जम्मा** | | | **100** | **१८६५** | |

ख) नक्सा पास शिविर संचालनमा खटिएका कर्मचारीलाई अतिरिक्त भत्ता उपलब्ध गराउने सम्बन्धमा ।

- चालु आ.व.मा घर जग्गा प्रशासन सम्वन्धी वडागत शिविर सञ्चालनमा खटिएका कर्मचारीहरुलाई वडा समितिको सिफारिस, कार्यसम्पन्न प्रतिवेदन लगायतका आधारमा नेपाल सरकार अर्थमन्त्रालय र तिलोत्तमा नगर सभाले निर्धारण गरेको मापदण्डलाई आधार मानि सुविधा दोहोरो नपर्ने गरी अतिरिक्त समय काम गरेको फिल्ड भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**ग) न्यायिक समितिमा परेको विवाद निरुपण सम्बन्धमा ।**

- तिलोत्तमा नगरपालिका वाड नं.-६, निवासी बिन्दु श्रेष्ठलाई संधियार रुद्र भुसालले जग्गा विवाद सम्वन्धी मामिलामा सहयोग नपुर्याएको हुँदा पत्र प्राप्त भएको मितिले २४ घण्टा भित्र कार्यालयमा हाजिर हुन पत्राचार गर्ने निर्णय गरियो ।